**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः २३ सितम्बर २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभएको छ - आयुष्मान भारतका कारण भारतमा स्वास्थ्य सेवामा क्रान्ति भइरहेको छ।
- रेलमन्त्री अश्विनी वैष्णवले दीपावली र छठ पर्वमा यात्रीहरुका सुविधाका लागि बाह्र हजार विशेष रेलहरू सञ्चालन गरिने घोषणा गर्नुभएको छ।
- हिज रातिदेखि परेको अविरल वर्षाका कारण कोलकाता शहर जलमग्न बनेको छ।
- देशलाई नशामुक्त बनाउने सन्देश प्रवाहको साथ सिलगुडीमा 'नमो युवा रन' आयोजित I
- रिम्बिक–लोधोमा स्थित बाँसबोटे फुरी जनखेल मैदानमा आउदो बुधबार प्रख्यात फुटबल खेलाडी नादुडंग भुटिया आउनु हुनेछ।

**प्रधानमन्त्री- आयुष्मान भारत**

प्रधान मन्त्री नरेन्द्र मोदीले भन्नुभएको छ - आयुष्मान भारतका कारण भारतमा स्वास्थ्य सेवामा क्रान्ति भइरहेको छ। यस योजनाको सात वर्ष पूरा भएको प्रधानमन्त्री श्री मोदीले यसले वित्तीय सुरक्षा र आत्मसम्मान सुनिश्चित गरेको बताउनु भएको छ I उहाँले भन्नुभयो, भारतले देखाएको छ कि कसरी क्षमता, करुणा र प्रविधिले मानव सशक्तिकरणलाई अगाडि बढाउन सक्छ। प्रधान मन्त्री श्री मोदीले भन्नुभयो, आयुष्मान भारत एक यस्तो पहल हो जसले भविष्यको आवश्यकताहरूको पूर्वानुमान गर्दछ र मानिसहरूका लागि उच्च गुणस्तरका साथै सस्तो स्वास्थ्य सेवा सुनिश्चित गर्नमा केन्द्रित छ।

**प्रधानमन्त्री नरेन्द्र मोदी- स्वच्छता -स्वच्छता**

प्रधानमन्त्री नरेन्द्र मोदीले देशभरिका मानिसहरूलाई स्वच्छता ही सेवा अभियानमा सक्रिय रूपमा भाग लिन आह्वान गर्नुभएको छ। श्री मोदीले यसलाई सामूहिक उत्तरदायित्व र राष्ट्रिय गौरवको भावना झल्काउने प्रेरणादायक पहलको रूपमा वर्णन गर्नुभएको छ i उहाँले मानिसहरूलाई स्वच्छता उत्सवमा भाग लिन र २५ सेप्टेम्बर बिहीबार बिहान ८ बजे श्रमदान गर्ने आग्रह गर्नुभएको छ। पण्डित दीनदयाल उपाध्यायको जन्मजयन्तीको अवसर पनि यही दिन रहेको छ ।

**रेलमन्त्री अश्विनी वैष्णव- विशेष रेल सेवा**

रेलमन्त्री अश्विनी वैष्णवले दीपावली र छठ पर्वमा यात्रीहरुका सुविधाका लागि बाह्र हजार विशेष रेलहरू सञ्चालन गरिने घोषणा गर्नुभएको छ। आज नयाँ दिल्लीमा एक पत्रकार सम्मेलनलाई सम्बोधन गर्नुहुदै श्री वैष्णवले भन्नुभयो, यी विशेष रेलहरू १ अक्टोबरदेखि १५ नोभेम्बरसम्म चल्नेछन्। उहाँ अनुसार गत वर्ष दीपावली र छठको समयमा सात हजार ७५० विशेष रेल सञ्चालन गरिएको थियो। मन्त्रीले अझ भन्नुभयो - दस हजार रेलहरू सूचित गरिएको छ र 150 पूर्ण अनारक्षित रेलहरू अन्तिम मिनेटहरूमा द्रुत तैनातीको लागि तयार राखिने छ।

**बिश्व खाध्य भारत**

बिश्व खाध्य भारत २०२५ २५ देखि २८ सेप्टेम्बर सम्म नयाँ दिल्लीको भारत मण्डपममा आयोजना हुने भएको छ। बिश्व खाध्य भारत को चौथो संस्करणको उद्देश्य विविध खाद्य प्रशोधन क्षेत्रमा लगानीलाई बढावा दिनुका साथै भारतको समृद्ध खाद्य संस्कृतिलाई विश्वसामु परिचित गराउनु हो। आज नयाँ दिल्लीमा पत्रकारहरूलाई जानकारी दिनुहुदै खाद्य प्रसंस्करण उद्योग मन्त्री चिराग पासवानले भन्नुभयो, बिश्व खाध्य भारत केवल एक व्यापार प्रदर्शनी मात्र होइन, तर भारतलाई खाद्य नवीनता, निवेश र दिगोपनाको लागि वैश्विक केन्द्रको रूपमा स्थापित गर्न एक परिवर्तनकारी मंच हो।उहाँले प्रधान मन्त्री नरेन्द्र मोदीको नेतृत्वमा यस कार्यक्रमले सतत समावेशी र भविष्यको लागि तयार खाद्य प्रणालीप्रति प्रतिबद्धता प्रदर्शन गर्दछ र विश्वको खाद्य बास्केटको रूपमा भारतको स्थितिलाई बलियो बनाउने बताउनु भएको छ।

**प्रधानमन्त्री -नवरात्री**

नवरात्रिको दोस्रो दिन प्रधानमन्त्री नरेन्द्र मोदीले ब्रह्मचारिणीमा आशीर्वाद लिनुभएको छ । सामाजिक सञ्जालमा पोष्ट गर्नुहुदै उहाँले देवीले आफ्ना सबै भक्तजनलाई साहस र संयमका साथ आशीर्वाद दिऊन् भन्ने कामना गर्नुभएको छ ।

**कोलकता -बर्षा**

हिज रातिदेखि परेको अविरल वर्षाका कारण कोलकाता शहर जलमग्न बनेको छ। मौसम विभाग अनुसार पछिल्लो पाँच घण्टामा २५० मिलिमिटर भन्दा अधिक वर्षा भएको छ, जुन सन् १९७८ यताको नयाँ रेकर्ड हो। यसैबीच, कोलकाताका विभिन्न क्षेत्रहरूमा खुला तारबाट करेन्ट लागेर अहिलेसम्म लगभग सात जनाको मृत्यु भएको छ। यस विषयमा गहिरो चिन्ता व्यक्त गर्नुहुदै राज्य की मुख्यमन्त्री ममता बनर्जीले स्पष्ट रूपमा बिजुली आपूर्ति कम्पनी सीईएससीलाई दोष दिनुभएको छ। पत्रकारहरु संग बातचित गर्नुहुदै मुख्यमन्त्री सुश्री ब्यनार्जी ले भन्नुभयो - सम्पूर्ण जिम्मेवारी सी.ई.एस.सी.ले लिनुपर्नेछ। मृतकका परिवारप्रति समवेदना व्यक्त गर्नुहुदै मुख्यमन्त्रीले प्रत्येक परिवारका एकजनालाई नोकरी दिन पर्ने बताउनु भएको छ। उल्लेखनीय छ ,अत्याधिक वर्षाका कारण कोलकाताका सडक, रेल लाइन र मेट्रो ट्र्याकहरूमा समेत पानि ले भरिएको छ। बस, अटो र अन्य वाहनहरु ठप्प भएका छन् र ट्राफिक व्यवस्था प्रभावित बनेको छ।

**दुर्गा पूजा मुसलाधार बर्षा - कोलकाता -मुख्यमन्त्री -घोषणा**

दुर्गा पूजा शुरु हुनुअघि नै मुसलधारे वर्षाका कारण कोलकाता र छेउछाउका क्षेत्रहरु प्रभावित भएका छन्। हिज रातिदेखि आज बिहानसम्म परेको रेकर्ड तोड वर्षाले महानगर पूर्णरुपमा जलमग्न बनेको छ ।फलस्वरूप ट्राफिकदेखि दैनिक जीवनसम्म प्रभावित बनेको छ। यो अभूतपूर्व अवस्थालाई मध्यनजर गर्दै मुख्यमन्त्री ममता बनर्जीले धेरै महत्वपूर्ण निर्णयहरु लिनुभएको छ ।मुख्यमन्त्री सुश्री ब्यनार्जी ले आज देखि राज्यका सबै सरकारी विद्यालयहरूमा बिदा घोषणा गर्नुभएको छ। विद्यालय शिक्षा विभागले यस सम्बन्धमा आधिकारिक सूचना जारी गरेको छ। यसका साथै आईसीएसई र सीबीएसईसँग सम्बद्ध निजी विद्यालयहरूलाई पनि आगामी दुई दिन अर्थात् २४ र २५ सेप्टेम्बर सम्म छुट्टी दिन अनुरोध गर्नुभएको छ। उच्च शिक्षा मन्त्री ब्रात्य बसुले २३, २४ र २५ सेप्टेम्बरमा सबै विद्यालय र उच्च शिक्षा संस्थाहरू बन्द गर्ने घोषणा गर्नुभयो। यसरी निर्धारित समयभन्दा तीन दिनअघि नै पूजाको छुट्टी शुरु भएको छ ।कलकत्ता विश्वविद्यालयले आज हुनेभएको निर्धारित सबै परीक्षा रद्द गरेको छ। विश्वविद्यालयले एक विज्ञप्ति जारी गर्दै नयाँ तारिख चाडै घोषणा गरिने जनाएको छ।

**सिलीगुड़ी 'नमो युवा रन' - आयोजन**

प्रधानमन्त्री नरेन्द्र मोदीको जन्मदिनको अवसर पारेर देशलाई नशामुक्त बनाउने सन्देश प्रवाह गर्न सिलगुडीमा 'नमो युवा रन' को आयोजना गरियो । आज दार्जीलिङ मोडको मल्लागुरीस्थित हनुमान मन्दिरबाट शुरु भएको यो दौड बागजातिन पार्कमा समाप्त भएको थियो। दार्जिलिङका लोकसभा सांसद राजु बिष्टले उक्त दौडको उद्घाटन गर्नुभयो । दौडमा साना बालबालिकादेखि युवा र ज्येष्ठ नागरिकले उत्साहपूर्वक भाग लिएका थिए। कार्यक्रममा विभिन्न समाजसेवी संघसंस्थाका प्रतिनिधि तथा गणमान्य व्यक्तिहरुको पनि उपस्थिति रहेको थियो। प्रतियोगिताको समापनमा विजयी खेलाडीहरुलाई सांसद राजु विष्टले पुरस्कार वितरण गर्नुभयो । सांसद राजु बिष्टले युवाहरुलाई लागुपदार्थको लतबाट मुक्त गर्न र स्वस्थ एवं सशक्त भारत निर्माणका लागि यो पहल गरिएको बताउनु भयो ।

**लङभ्यू चिया बगान- बोनस**

आज खरसाङ महकुमा अन्तर्गत लङभ्यू चिया बगानमा श्रमिकहरूले बीस प्रतिशत बोनस पाएका छन्। अब स्टाफहरूको बोनस चाडो दिनु पर्ने हिल प्लान्टेसन इम्प्लोइज युनियनले माग गरेका छन्। सरकारले बीस प्रतिशत बोनस दिनु पर्ने एडभाइजरी जारी गरे तापनि लङभ्यू चिया बगान मालिकले 10 प्रतिशत मात्र दिने कुरामा श्रम आयोगलाई पत्रचार गरेको थियो। जसको फलस्वरूप हिल प्लान्टेसन इम्प्लोइज युनियन, लङभ्यू शाखाको अगुवाईमा गेट मिटिङ, धरना, जुलूस, सडक अवरोध जस्ता कार्यक्रमहरू गरेर आज सम्पूर्ण चिया श्रमिकहरूले 20 प्रतिशत बोनस प्राप्त गण सफल बनेको जानकारी प्राप्त भएको छ ।यसरीनै प्रायः दुइवर्षसम्म बन्द रहेको खरसाङको अम्बटे चियाबारी गत 21 जुलाई 2025 देखि खोलिए पछि यस वर्ष बगानका श्रमिकहरूले बर्ष 2021 को बोनस १९ प्रतिशत र एरियर पाएको जानकारी प्राप्त भएको छ।

**डुवर्स-चियाबारी -बोनस**

डुवर्सको नगरकट्टा ब्लकको ग्रासमोड चियाकमानका श्रमिकहरूले 20 प्रतिशत बोनस पाउने भएका छन् । यद्यपि मालिकहरूले यो बोनस दुई किस्तामा दिने भएको छ। 15 प्रतिशतको पहिलो किस्ता दुर्गा पूजाअघि र बाँकी 5 प्रतिशत दिसम्बरपछि दिइने जानकारी प्राप्त भएको छ। दुई किस्तामा 20 प्रतिशत बोनस पाउने आश्वासन पाए पछि ग्रासमोड चियाकमानका श्रमिकहरूमा खुशीको लहर छाएको छ।

**खरसाङ- स्कट मिशन स्कूल- वार्षिक प्रदर्शनी**

खरसाङको स्कट मिशन स्कूलमा आज वार्षिक प्रदर्शनी कार्यक्रम सम्पन्न भयो । स्कूलका विद्यार्थीहरुले शिक्षाबाहेक अन्य बिषयमा बौध्दिक ज्ञान बढाउने तथा शिक्षाको गरिमालाई अझ स्तरीय बनाउन यो वार्षिक प्रदर्शनी राखिएको बताइएको छ। प्रदर्शनीमा विद्यार्थीहरुले आफ्नो सिर्जनात्मक क्रियाकलाप प्रदर्शन गरेका थिए ।

**मिरिक-पत्रिका**

मिरिक फुलपाती शोभायात्रा समितिले दशैँ पर्वलाई स्वागत गर्दै शोभायात्रा विशेष पत्रिकाको पहिलो अंक पाठकहरु समक्ष प्रस्तुत गर्ने भएको छ ।।आगामी २९ तारिक फूलपातीका दिन एक कार्यक्रममाझ पत्रिका सार्वजनिक गरिने जानकारी प्राप्त भएको छ

**रिम्बिक–लोधोमा- नादुडंग भुटिया**

रिम्बिक–लोधोमा स्थित बाँसबोटे फुरी जनखेल मैदानमा आउदो बुधबार नादुडंग भुटिया आउने भएको छ। दशैं कप–२०२५ को चौथो संस्करणलाई विशेष बनाउँदै पहाडकै सुप्रसिद्ध व्यक्तित्व, भारतीय टोलीलाई प्रतिनिधित्व गर्दै इन्डियन सुपर लिग (ISL) जस्तो उच्च कोटीको फुटबल प्रतियोगिताबाट आफ्नो नाम बनाईसकेका खेलाडी नादुडंग भोटीया उपस्थित हुने भएकाले स्थानीयहरु उत्साहित बनेको छ। यस ऐतिहासिक अवसरमा भोटीयाले क्षेत्रका खेल प्रेमीहरूसँग प्रत्यक्ष भेटघाट गर्ने कार्यक्रम रहेको आयोजक समितिका संयोजक किशोर काम्बांग र सभापति फिन्जु शेर्पाले जानकारी दिनुभएको छ ।

-

*********